कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र सङ्ख्या : २०८१/०८२ (शा.सु./योजना) चलानी सङ्ख्या : ४०१ मिति: २०८१/०४/१८

विषयः साझा प्रतिवद्धता कार्यान्वयन सम्बन्धमा।

श्री मन्त्रालय सवै),
श्री प्रदेश सभा सचिवालय,
श्री प्रदेश लोक सेवा आयोग,
श्री कर्णाली प्रदेश योजना आयोग,
श्री मुख्यन्यायाधिवक्ताको कार्यालय,
कर्णाली प्रदेश, सुर्खेत।

प्रस्तुत विषयमा माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा मिति २०८१/०४/१० गतेका दिन सञ्चालित कर्णाली प्रदेश सरकारको वार्षिक समीक्षा तथा वजेट कार्यान्वयन योजना तयारी कार्यक्रमबाट घोषणा भएको साझा प्रतिवद्धता पाना-१ यसै पत्रसाथ संलग्न राखी आवश्यक कार्यान्वयनको लागि तहाँ मन्त्रालय/सचिवालय/आयोग/कार्यालयमा पठाइएको छ। उक्त साझा प्रतिवद्धता कार्यान्वयन गर्नु/गराउनुहुन आदेशानुसार अनुरोध छ।

(युवराज न्यौपाने)
शाखा अधिकृत

अवगतार्थः
श्रीमान प्रमुख सचिवज्यू,
श्रीमान सचिवज्यू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुर्खेत।

बोधार्थः
माननीय मुख्यमन्त्रीको निजी सचिवालय,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेत।

☎ ०८३-५२०१८७, ५२२१६४, ५२१८३२ फ्याक्स : ०८३-२५२६१८, ५२४७७४
Web : www.ocmcm.karnali.gov.np, email : ocmcmkarnali@gmail.com

सम्वत् २०८१ साल साउन १० गते माननीय मुख्यमन्त्री श्री यामलाल कडेलको अध्यक्षतामा प्रदेश सरकारको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रगति समीक्षा र चालु आर्थिक वर्ष २०८१/०८२ को वजेट कार्यान्वयनको योजना तयारी सम्वन्धी सम्पन्न गोष्ठीका सहभागीहरु हामी मुख्यमन्त्री, मन्त्री, प्रमुख सचिव, सचिव र कार्यालय प्रमुखहरुको तर्फवाट चालु आर्थिक वर्षको वजेट कार्यान्वयनको सम्वन्धमा देहाय वमोजिम साझा प्रतिवद्धता गर्दछौ।

१. प्रदेश सरकार अन्तर्गतका जिल्लास्थित सवै कार्यालयले चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वजेट तथा कार्यक्रममा रहेका योजनाको विवरण (योजनाको नाम, कार्यान्वयन हुने स्थान, कार्यान्वयन अवधि तथा विधि, वजेट आदि) सम्वत् २०८१ साउन मसान्तभित्र सम्वन्धित स्थानीय तहलाई जानकारी तथा कार्यान्वयन सहजीकरणका लागि पत्राचार गर्नेछौ।

२. स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम कार्यान्वयनको लागि आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्डहरु सम्वत् २०८१ भाद्र मसान्त भित्र तर्जुमा र असोज १५ भित्र स्वीकृत गर्नेछौ।

३. स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अन्तर्गतका सालवसाली आयोजनाहरु सम्वत् २०८१ असोज १५ भित्र खरिद प्रक्रिया अगाडि वढाउनुका साथै वहुवर्षीय तथा क्रमागत आयोजनाको कार्यान्वयनलाई तीव्रता दिनेछौ।

४. महालेखापरीक्षकको प्रतिवेदनमा कायम भएको वेरुजु फर्स्यौटको सम्वत् २०८१ कार्तिक मसान्तभित्र कार्ययोजना वनाइ तदारुकताका साथ कार्यान्वयन गर्नेछौ।

५. प्रदेश सरकारको क्षेत्राधिकारभित्र पर्ने आयका स्रोतहरुको पहिचान गरी राजश्वमा वृद्धि गर्नेछौ।

६. आयोजना/कार्यालय प्रमुखसँग कार्यसम्पादन सम्झौता गरी वार्षिक वजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजनाको समयवद्ध र पूर्णरुपमा कार्यान्वयन गर्नेछौ।

७. वजेट तथा कार्यक्रम कार्यान्वयनको अनुगमन कार्ययोजना वनाइ प्रभावकारी र नतिजामूलक अनुगमन गर्नेछौ।

८. उपलब्ध स्रोत र साधनको मितव्ययी र कुशलतापूर्वक प्रयोग गर्दै आफ्नो निकायवाट प्रवाह गरिने सेवालाई नतिजामूलक, गुणस्तरीय, नागरिकमैत्री र प्रभावकारी वनाउनेछौ।

९. आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति, वजेट तथा कार्यक्रमको तयारीको कार्यतालिका वनाइ दोस्रो त्रैमासिक देखि सुरुवात गरी समयवद्ध रुपमा योजना तर्जुमाको कार्यसम्पादन गर्नेछौ।

कर्णाली प्रदेश सरकार
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

यामलाल कडेल
मुख्यमन्त्री